# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

# डेरी सम्बन्धी यन्त्र तथा औजारहरु खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वान

## Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमति संस्थाद्वारा  सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व र पशि्चम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा७, पाल्हिनन्दनगा.पा ६ र सुनवल न. पा २, ५ र ९)मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवनस्तर सुधारमा सहयोगको  लागि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानियद्धारा पहल गरिएका परियोजनाहरु मूख्यतया चार वटा क्षेत्रहरु ( व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

दुग्ध मूल्य श्रृखला परियोजना अर्न्तगत परियोजना सञ्चालित कार्यक्षेत्रमा  खुवा बनाउने मेसिन, चिलिङ्ग भ्याटको लागि कम्प्रेसर, र फिड बनाउने मेशिन खरिद गरि सम्बन्धित पालिकामा रहेका दुग्ध उत्पादक कृषक, दुग्ध संकलन केन्द्र तथा सहकारी संस्थाहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोमा आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**सामग्री सप्लाई गर्नु पर्ने स्थानः** मध्यबिन्दु नगरपालिका वडा न ७, ८, ९, सुस्ता गा.पा. वडा नं २ र ३, पालहिन्दन वडा नं ६, सनवल न.पा. ५

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. बोल पत्र कर्ताले डेरी यन्त्र, उपकरण तथा औजारहरुको गुणस्तर, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई प्रति इकाई दररेट पेश गर्नुपर्ने छ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजनाकार्य क्षेत्रसम्म सामग्रीहरुको ढुवानी सेवा दिनु को साथै जडान र संचालन सम्बन्धि प्राबिधि ज्ञान सम्बन्धित दुग्ध उत्पादक कृषक, दुग्ध संकलन केन्द्र तथा सहकारी संस्थाहरुलाई अभिमुखिकरण गर्नु पर्नेछ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले तोकिएको समय भित्र  दरभाउ पत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका दरभाउ पत्र उपर कुनै कार्वाही हुने छैन ।

५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कर्ताले अनुसूचि २ बमोजिमको खाकामा दररेट अंक र अक्षरमा स्पष्ट लेखि पेश गर्नु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट कम्पनी/फर्म/अधिकृत बिक्रेताले  December 2021 भन्दा पहिला नै परियोजनालाई यन्त्र तथा औजारहरु उपलब्ध गराउनु पर्ने छ तर परियोजनाको आवश्यकता हेरी सप्लायर्ससँग वार्षिक सम्झौता गर्न सकिने छ । सम्झौता गर्नु अगावै खरिद गरिने कुल रकमको ५ प्रतिशत बैंक ग्यारेन्टी परियोजनालाई उपलब्ध गराउनु पर्नेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. बोलपत्र बुझाएको निबेदन

ख. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूचीमा  २ उपलब्ध फारम नमूना अनुसार)

ग. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

घ. स्थायि लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्रतिलिपि

ङ. पछिल्लो आर्थिक वर्षको चुक्ता करप्रमाणपत्रको प्रतिलिपि

११ अनुमानित आवश्यक यन्त्र तथा औजारहरु र परिमाण

| **क.स.** | **विवरण** | **इकाई** | **आवश्यक परिमाण** | **कैफियत** |
|---|---|---|---|---|
| १. | **Khuwa Making machine** **(खुवा बनाउने मेशिन)** Tank capacity: 105 ltrs, , Khoa tank and  body: stainless steel, Operation: Kerosene or Diseal , Motor: minimum 0.5Hp motor | थान | १ | दर रेट कर्ताले दर रेट बुझाउदा मेशिनको वारेन्टी ग्यारेन्टी र क्याटलग बुझाउनु पर्ने छ । |

| | | | | |
|---|---|---|---|---|
| २. | **Cattle feed making machine (पशुको लागि दाना बनाउने मेशिन)** Body: iron built, Capacity : 50kg/hr , Motor: 5 Hp Motor | थान | १७ | |
| ३. | **Cow Mat (काउ म्याट)** Material : Pure Rubber, Size: 6"*4", Approx. weight 37 kg | थान | १२५ | |
| ४. | **Cream Separator**( milk connecting part steel, electric Operated, Capacity:550litre/hr. | थान | १ | |

नोट : माथि उल्लेखित यन्त्रको संख्या आवश्यकता अनुसार थपघट हुन सक्ने छ। साथै दर रेट पेश गर्दा यन्त्रको क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ।

उल्लेखित दरभाउपत्र सिलबन्दीखाममा **"डेरी सम्बन्धी यन्त्र तथा औजारहरु खरिद**" लेखि मिति २०७८/०६/१४ गते (30 September 2021) बेलुका ५:०० बजे भित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, वर्दघाट न.पा. वडा नं. ४ शिवालय टोल , नवलपरासी वा सहमति केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ।

**अनुसुचि २: डेरी सम्बन्धी यन्त्र तथा औजारहरुको दर भाउ**

| क्र.स. | विवरण | ईकाई | विशिष्टता, ब्रान्ड, मोडेल नं., अपरेटिङ्ग प्रणाली, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस | प्रति इकाई दर भ्याट सहित (रुपैयामा) | इकाई दर अक्षरमा (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **Khuwa Making machine (खुवा बनाउने मेशिन)** Tank capacity: 105 ltrs, , Khoa tank and body: stainless steel, Operation: Kerosene or Diseal , Motor: minimum 0.5Hp motor | १ थान | | | | |
| २ | **Cattle feed making machine (पशुको लागि दाना बनाउने मेशिन)** Body: iron built, Capacity : 50kg/hr , Motor: 5 Hp Motor | १ थान | | | | |
| ३ | **Cow Mat (काउ म्याट)** Material : Pure Rubber, Size: 6"*4" , Approx. weight 37 kg | १ थान | | | | |
| ४ | **Cream Separator**( milk connecting part steel, electric Operated, Capacity:550litre/hr. | १ थान | | | | |

**हस्ताक्षर** ..........................

नामः

पदः

मितिः

फार्म वा क्पनीको छापः